राजपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ८)   गंगदी, दाङ,   बैशाख १० गते, २०८१ साल   (संख्याः २


## भाग-२

### राजपुर गाउँपालिकाद्वारा प्रकाशित

**उच्च शिक्षा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति वितरण निर्देशिका, २०८१**

## १. पृष्ठभूमि र सन्दर्भ

यस गाउँपालिका भित्रका उच्च शिक्षामा अध्ययनरत विद्यार्थिहरुलाई छात्रबृत्ति तथा प्रोत्साहन रकम उपलब्ध गराई यस गाउँपालिकाका विद्यार्थिहरुलाई अध्ययनमा उत्प्रेरणा गर्न र भविश्यमा योग्न नागरिक तयार गरि गाउँपालिका र समग्र समुदायको विकास निर्माण र सेवाप्रवाहलाई प्रभावकारी बनाउन उच्च शिक्षामा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति वितरण निर्देशिकाजारी २०८१ , गरिएको छ।

## २. छात्रबृत्तिको महत्व

शिक्षा प्राप्त वा हासिल गर्ने बिषय नेपाली नागरिकको नैसर्गिक अधिकार हो। मुलतः गुणस्तरीयब्यबासायिक र प्राबिधिक शिक्षामा प्राथमिकता दिनुपर्ने , आजको आवश्यकता बन्न पुगेको छ । यस बिषयलाई मध्यनजर राख्दै यसको महत्व र आवश्यकताका आधारमा यसको प्रभावकारी कार्यान्वयनमा जोड दिईएको छ ;

क. गुणस्तरीय शिक्षामा युवाहरूको पहुँच बढाउन ,

ख. भविष्यको जीबनबृति बिकासमा सहयोग पुर्याउन ,

ग. अवसरहरूको सिर्जना र प्राप्तिका लागि ज्ञान र सीप प्रदान गर्नु ,

## ३. छात्रबृत्ति छनौट सिफारिस समिति

क) उच्च शिक्षा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति वितरण निर्देशिका , बमोजिम २०८१छात्रवृत्ति बितरण प्रक्रियालाई पारदर्शी एवम् प्रभावकारी बनाउन गाउँपालिका स्तरमा तपशिल बमोजिमको सदस्यिहरु रहेको छात्रवृत्ति छनौट सिफारिस समिति रहनेछ ।

- गाउँपालिका उपाध्यक्ष -संयोजक
- सामाजिक विकास समितिका संयोजक -सदस्य
- संयोजकले तोकेका कम्तिमा २ जना महिला सहित ४ जना कार्यपालिका सदस्य -सदस्य
- शिक्षा शाखा प्रमुख - सदस्य-सचिव

ख) समितिले छात्रबृति प्रदान गर्न गाउँपालिकामा विनियोजित बजेटको परिधि भित्र रहि निर्देशिका बमोजिम छात्रबृत्ति प्रदान गर्न गाँउ शिक्षा समितिमा सिफारिस गर्नेछ ।

ग) गाउँ शिक्षा समितिले छात्रबृत्तिका लागि उपयुक्त देखेको विषयमा कम्तिमा ७ दिनको समय दिई सुचना आह्वान गर्नेछ ।

### ३. छनौट सिफारिस समितिको काम र कर्तब्य छात्रबृत्ति

छात्रबृत्ति बितरण प्रक्रियालाई निष्पक्षपारदर्शी र सहभागितामुलक ,गुणात्मक , बनाउन छात्रबृत्ति छनौट सिफारिस समितिका काम र कर्तब्य स्पस्ट हुने गरी निम्न बमोजिम गर्ने गराउने गरी तोकिएका छन।

- छात्रवृत्ति सहयोग प्रदान गर्नका लागि आबेदकहरू मध्येबाट मापदण्ड पुरा भएका उपयुक्त व्यक्ति वा उम्मेदवारको छनौट गरि सिफारिस गर्ने ।
- छात्रवृत्ति सहयोग गर्नका लागि आबश्यकता अनुसार उपयुक्त र पारदर्शी निर्णय लिने ।
- बितरित छात्रबृत्तिको प्रगति समिक्षा ,अनुगमन र मुल्यङकनगर्ने
- छात्रवृत्ति सहयोग प्राप्त व्यक्तिहरूसगँ नियमित रूपमा प्रगति प्रतिबेदन लिने ब्यबस्था मिलाउने।

### ४. छात्रबृत्तिको प्रकार

यस कार्यक्रमका माध्यमबाट प्रदान गरिने छात्रबृत्ति बिशेषत तपशिल बमोजिमका प्राबिधिक शिक्षामा प्रदान गरिनेछ ।

क) MBBS/MD
ख) BDS/BN/BMLT
ग) BE/ME
घ) BSC/MSC (AG/Foresty/Pharma/Nursing/Vet)
ङ) Bachelor र Master का Engineering र Medical Science मा सिफारिस समितिले छनौट गरेका अन्य विषयमा अध्ययनरत बिद्यार्थिहरु ।

### ४प्राबिधिक बिषयका लागि प्रदान गरिने छात्रबृत्ति १.

क मा उल्लेख भएका निजि प्रयासमा नेपाल भित्र (क) ४ (MBBS र MD मा अध्ययन गर्ने विद्यार्थिका लागि अध्ययन अवधिभरमा १ पटक रु,००,५ .००० -/ उपलब्ध गराईनेछ। सो कुराले Half paying र Full Paying दुबैलाई जनाउनेछ।

ख तहका अन्य विषयमा (घ र ङ ,ग ,ख) ४ (निजि प्रयासमा नेपाल भित्र अध्ययन गर्ने विद्यार्थिका लागि अध्ययन अवधिभरमा १ पटक रु .१००००० -/ उपलब्ध गराईनेछ ।उल्लिखित कुराले Half paying र Full Paying दुबैलाई जनाउनेछ ।

४प्रोत्साहन स्वरुप रकम उपलब्ध गराईने २.

४ मा उल्लेख भएका विषयमा नेपालभित्र पुर्ण १.छात्रबृत्तिमा अध्ययन गर्ने विद्यार्थिहरुलाई प्रोत्साहन स्वरुप छात्रबृत्तिमा तोकीएको रकमको ५० प्रतिशत रकम बन्दोबस्त खर्च स्वरुप उपलब्ध गराईनेछ ।

**५. छनौटका आधार र मापदण्ड**

क) आर्थिक रुपमा कमजोर र जेहन्दार हुनुपर्नेछ ।

ख) निर्धारित अंक सहित प्रवेश परिक्षा उत्तिर्ण गरेको हुनुपर्नेछ ।

ग) राजपुर गाउँपालिका भित्र कम्तिमा १० बर्षदेखि स्थायी रुपमा बसोबास गरेको हुनुपर्नेछ ।

**६. छात्रबृत्तिका लागि आबेदन**

छात्रबृत्ति प्रदान गर्ने पालिकामाआबेदन भर्न खुला रूपमा आव्हान गरिने छ। यस प्रकारको सूचना प्रवाह गर्न स्थानीय स्तरमा उपलब्ध प्रचारप्रसारका माध्यमको प्रयोग गरिने छ ।

**७. आवेदनका लागि आवश्यक पर्ने कागजपत्र**

- नागरिकता प्रमाणपत्रर (भएमा) हालै खिचेको राहदानी साइजको फोटो
- आवश्यक शैक्षिक प्रमाणपत्र )SEE, 10+2, शैक्षिक प्रमाणपत्रहरू, पत्रप्ट र चारित्रिक प्रमाणपत्र आदि।ट्रान्सक्रि/
- समबन्धित बिधालय ,क्याम्पस वा वडाको सिफारीस ।

**८. छात्रबृत्ति भूक्तानीको प्रक्रियामापदण्ड-**

छात्रबृत्ति प्राप्त गर्न योग्य भई छनौट भएका उम्दवारहरूले पाउने रकमको भूक्तानी सम्बन्धित बिद्यार्थिकै बैंकं खातामा जम्मा गरिने छ ।

**९. विविध**

क) यो निर्देशिका जारि हुनु भन्दा अगावै गाउँ शिक्षा समितिको निर्णय बमोजिम भएको काम कारवाहीको सम्बन्धमा यसै निर्देशिका बमोजिम छात्रबृत्ति वा प्रोत्साहन रकम उपलब्ध गराईनेछ ।

ख) निर्देशिकालाई गाउँ कार्यपालिकाले आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ।

**प्रमाणीकरण मितिः २०८१।०१।१०**

**आज्ञाले,**
**विष्णु प्रसाद पाण्डेय**
**प्रमुख प्रशासकीय अधिकृत**